# नेपालगञ्ज उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, नेपालगञ्ज
### विज्ञापन करको ठेक्का सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हानको सूचना
### (प्रथमपटक प्रकाशित मिति २०७९।०२।२७ गते)

नेपालगञ्ज उपमहानगरपालिकाको क्षेत्रभित्र रहेको स्थानमा विज्ञापनको ठेक्का बढाबढमा बन्दोबस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधी भित्र रही कार्य गर्न इच्छुक व्यक्ति,व्यवसायिक फर्म, कम्पनीबाट नियमानुसार नेपाली नागरिकताको प्रतिलिपि, फर्म/कम्पनी दर्ता प्रमाणपत्र, नवीकरण, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धिकर प्रमाणपत्र, आ.व.२०७७/०७८ को करचुक्ता प्रमाणपत्र संलग्न राखि प्रस्ताव पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.दरभाउपत्र फाराम मिति २०७९/०३/१० गतेसम्म कार्यालय समयभित्र नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२.दरभाउपत्र फाराम मिति २०७८/०३/११ गतेका दिन कार्यालय समयसम्म नेपालगञ्ज उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय नेपालगञ्जमा पेश गरिसक्नुपर्नेछ । दर्ता हुन आएका दरभाउपत्रहरु अर्को दिन दिनको २:०० बजे नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछन् ।

४.दरभाउपत्रदाताले बोलपत्र साथ नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक नेपालगञ्ज शाखामा रहेको धरौटी खाता ४१०१००३००००००२ मा तोकिएको धरौटी जम्मा गरेको सक्कलै बैंक भौचर वा दरभाउपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले सो रकम वरावरको हुने कम्तीमा ७५ दिन म्याद भएको नेपालगञ्ज उपमहानगरपालिका, नगर कार्यपालिकाको नाममा जारी गरिएको बैंक तथा वित्तिय संस्थाको जमानीपत्र (बिडबण्ड) पेश गर्नु पर्नेछ ।

५.दरभाउपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको रकम कम्तीमा ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

६.ठेक्का स्वीकृत भएपछि ठेक्का रकम वरावर ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता हुनु अगावै दाखिला गर्नुपर्नेछ र बाँकि किस्ताको रकम ४/४ महिनाको एकमुष्ट अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

७.ठेक्का सम्झौतापछिको बुझाउन बाँकी किस्ता रकम बराबरको ठेक्का अवधी सम्मको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८.कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै बखत एकमुष्ठ बुझाएमा १० प्रतिशत छुट दिईने छ ।

९.यस कार्यालयबाट प्रमाणित नगरी विक्रि भएको, म्याद नाघी आएको दरभाउपत्र माथी कुनै कारवाही हुनेछैन ।

१०.विज्ञापनको शुल्क दर लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि नेपालगञ्ज उपमहानगरपालिकामा सम्पर्क राख्न सकिनेछ ।

११.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२.सम्वन्धित निकायलाई बुझाउनु पर्ने प्रचलित नियमानुसारको कर दरभाउपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

१३.अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४,नेपालगन्ज उप–महानगरपालिकाको सार्वजनिक खरिद नियमावली र प्रचलित कानून बमोजिम हुनेछ ।

१४.विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाईट www.nepalgunjmun.gov.np मा समेत हेर्न सकिनेछ।

**तपशिल :**

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक्का अंक (मू.अ.क.बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| १/०७८/०७९( राजस्व) | नेपालगञ्ज उपमहानगरपालिका क्षेत्र भित्र विज्ञापन कर संकलन कार्य | रु.१०,००,०००.०० (अक्षरुपी दश लाख।) | रु.३०,०००। | रु.१,००० |

प्रमुख प्रशासकीय अधिकृत